सामुदायिक रेडियो सोलु एफ. एम. द्वारा प्रकाशित साप्ताहिक

# सोलु समाचार

सोलुखुम्बुबाट प्रकाशित पहिलो खबर पत्रिका

सोलुखुम्बु सदरमुकाम सल्लेरीमा

**फ्रेन्डशीप सेकुवा कर्नर घर**

तपाई पनि आउनुहोस् है !

जिल्ला विकास समितिको कार्यालय नजिकै

सम्पर्क : ०३८ - ५२०४३९

वर्ष ५, अङ्क २०, सोलुखुम्बु | २०६८ भाद्र १० गते शुक्रबार | Aug 26, 2011 | मूल्य १० रुपैयाँ | http://solufm.wordpress.com

## शेर्पा संघ
## सोलुमा दावा तेन्जी

*सल्लेरी । सोलु समाचार*

नेपाल शेर्पा संघ सोलुखुम्बुको अध्यक्षमा दावा तेन्जी लामा निर्विरोध चयन भएकाछन् । आइतबार सम्पन्न संघको दोश्रो जिल्ला अधिवेशनले लामाको अध्यक्षतामा १५ सदस्यीय जिल्ला कार्य समिति चयन गरेको हो ।

संघको जिल्ला उपाध्यक्षमा पेम्बा शेर्पा, सचिवमा मिङमार छिरी शेर्पा र कोषाध्यक्षमा दोर्जी शेर्पा चयन भएकाछन् । शेर्पाहरुको बाक्लो उपस्थिति रहेको अधिवेशनको उद्घाटन सभासद् आङ दावा शेर्पाले गरेकिथिइन् । उद्घाटन कार्यक्रममा शेर्पाले शेर्पाहरुको हक अधिकार सुनिश्चितताका लागि शेर्पा सम्बद्ध संघसंस्थाले अझ सक्रियताका

.... ***बाँकी पृष्ठ नं. ८***



टाक्सिन्दु गाविसमा रहेको दुधकुण्डको दृष्य: फोटो/छत्रबहादुर खड्का

# कृषिमा बिशिष्ट योजना आवश्यक

**भोजेन्द्र बस्नेत/सोलु समाचार साप्ताहिक**

उत्तम उत्पादन हुने जिल्ला नभएपनि सोलुखुम्बु बिभिन्न कृषिजन्य उत्पादनको सम्भावनाले भरिएको जिल्ला हो । तै पनि यहाँका धेरै जग्गा बाँझो अवस्थामा छन् कि त सामान्य उत्पादनमा सिमित छन् । जिल्लामा रहेका बिभिन्न कृषि सहकारीहरुको बिश्लेषण अनुसार

**कृषिक्षेत्रबाट जीविकोपार्जनमा दिगो परिवर्तन ल्याउने हो भने अरू सबै कुरालाई थाति राखेर भएपनि सम्बन्धित गाविसको मुख्य सम्भाव्यता अध्ययन गरी त्यसको कार्यान्वयनको भरपर्दो योजना बनाउनु पर्छ ।**

सोलुखुम्बुमा कृषिबाट जीविकोपार्जन सुधार गर्न सकिने प्रशस्तै सम्भावना छन् । भर्खरै नेपाल सरकारले प्रस्तुत गरेको बजेटमा कृषिलाई सहकारीको माध्ययमबाट एक गाउँ एक उत्पादन गरी रोजगारी सिर्जना गर्न लिएको लक्ष्य सोलुखुम्बुका धेरै गाउँमा सान्दर्भिक हुन्छ । यसको बिशिष्ट अध्ययन हुनु जरुरी छ।

आजभोलि सल्लेरीमा लाग्ने साप्ताहिक बजारमा तरकारीको अभाव छ । बिहान सबेरै बजार पुग्दा तरकारी पाईन छाडेको गुनासो कर्मचारी, होटलव्यवसायी, बिद्यार्थीबाट नियमित रुपमा नै आइरहेको छ । सिजनमा केही बाहेक यहाँ फलफुलको स्वाद चाख्न पनि मुस्किल छ । खाद्यान्नको रुपमा बाहिरबाट प्याक गरेर ल्याएको चामल उपयोग गर्नु अधिकांश सोलुबासीको बाध्यता छ । नेपालका साथै बिश्व बजारमा बिभिन्न जडिबुटिको माग प्रशस्तै छ तर यहाँको उत्पादनमा ठूलो सम्भावना बोकेका जमिनहरु त्यत्तिकै बाँझो बसेका छन् वा बिउ बराबरको उत्पादनमा सिमित छन् । यि आवश्यकत्ता परिपूर्ती गर्न कहाँ कस्तो उत्पादन हुन्छ र त्यो उत्पादन गर्नको लागि के गर्न सकिन्छ ? त्यसबारेमा अध्ययन गरी सम्भावनाको खोजी गर्नु जरुरी छ ।

कृषिजन्य उत्पादन तथा पशुपालन दुबैतर्फका सम्भावनाको खोजी गर्ने हो भने जिल्लाका ३४ वटै गाविसमा केही न केही बिशिष्ट काम गर्न सकिन्छ ।

.... ***बाँकी पृष्ठ नं. ७***

## प्रधानमन्त्रीको निर्वाचन आईतबार

नयाँ प्रधानमन्त्री चयन गर्न व्यवस्थापिका संसदमा आइतबार भदौ ११ गते निर्वाचन हुने भएको छ। संसदको कार्य व्यवस्था परामर्श समितिको बिहिबार बसेको बैठकले प्रधानमन्त्री निर्वाचनको





कार्यतालिका तय गरेको हो । बैठकले शुक्रबार अपरान्ह ५ बजेसम्मका लागि मनोनयन दर्ताको समय तोकेको छ । शुक्रबार नै अन्तिम नामावली प्रकाशन गरी आइतबार अपरान्ह १ बजेका लागि निर्वाचनको समय तोकिएको छ। संविधान सभामा अहिले पाँच सय ९४ सदस्य काम रहेकाले दुई सय ९८ मत ल्याउने व्यक्ति प्रधानमन्त्री हुनेछन् । आवश्यक परे आइतबार नै दोश्रो र तेश्रो पटक संसदमा निर्वाचन गर्ने समितिले निर्णय गरेको छ।

प्रधानमन्त्रीका लागि माओवादीवाट डा. बाबुराम भट्टराई र कांग्रेसवाट रामचन्द्र पौडेल उम्मेदवार देखिएकाछन् । माओवादीले सहमतीय र बहुमतीय दुवैका लागि भट्टराईलाई उम्मेदवार घोषणा गरेको थियो भने कांग्रेसले सहमतीयका लागि शेरबहादुर देउवालाई अघि सारेको थियो । कांग्रेसको बिहिबार बसेको केन्द्रिय समितिको बैठकले बहुमतीयका लागि पौडेललाई अघि सार्ने निर्णय गरेको हो । सहमतीय सरकार निर्माणमा सहमति नजुटे पछि राष्ट्रपति रामवरण यादवले बुधबार प्रधानमन्त्रीको निर्वाचन प्रक्रिया शुरु गर्न संसदलाई पत्र पठाएका थिए ।

**माओवादीको प्रस्ताब पेज ७ मा**

सामुदायिक रेडियो सोलु एफ. एम. द्वारा प्रकाशित साप्ताहिक
सोलु समाचार
सोलुखुम्बुबाट प्रकाशित पहिलो खबर पत्रिका

## साँघुमा चिप्लिदा नौलीको मृत्यु

*जुभिङ । सोलु समाचार*

साँघुमा चिप्लिएर खोलामा खस्दा जुभिङ २ की नरमाया बिकको मृत्यु भएको छ। नौली बिककी श्रीमती नरमायाको घरबाट तेल पिध्न मिल तर्फ जाने क्रममा मिल नजिक रहेको काठे साँघुबाट चिप्लिएर खोलामा झर्दा मृत्यु भएको हो ।

बिहिबार अपरान्ह ४ बजेतिर स्थानीयबासीले बिकलाई मृत अवस्थामा फेला पारेपछि खरिखोला प्रहरी चौकीका प्रहरीहरु घटनास्थलमा पुगेका थिए ।

## गोठमा आगो लाग्दा ७५ बर्षिय कार्की घाइते

*सल्लेरी । सोलु समाचार*

गोठमा आगलागी हुँदा काँगेल ६ का पदमबहादुर कार्की गम्भिर घाइते भएकाछन् । शुक्रबार बेलुकी ४ बजेतिर आगलागी हुँदा गोठमा रहेका ७५ बर्षिय कार्की गम्भिर घाइते भएका हुन् ।

काँगेलवाट बोकेर फाप्लु ल्याइएका घाइते कार्कीलाई सोलु अस्पताल फाप्लुमा सामान्य उपचार गरी शनिबार थप उपचारको लागि काठमाण्डौ लगिएको पारिवारिक श्रोतले जनाएको छ । कार्कीको शरीरको विभिन्न भागमा आगोले डढेर गम्भिर चोट लागेको छ । आगलागीमा परी गोठमा रहेका एक गाइ र एक बहरको भने डढेर मृत्यु भएको छ ।

## कांग्रेसको अनुशिक्षण कार्यक्रम

*सल्लेरी। सोलु समाचार*

नेपाली कांग्रेस सोलुखुम्बुको आयोजनामा अर्न्तक्रियात्मक तथा अनुशिक्षण कार्यक्रम सम्पन्न भएको छ । जिल्लाका ३४ वटै गाविसका कांग्रेस गाउँ ईकाई समितिका सभापति र गाविसको सर्वदलिय संयन्त्रमा पार्टीका तर्फबाट भाग लिने प्रतिनिधिहरुको सहभागितामा सो कार्यक्रम सम्पन्न भएको छ ।

कांग्रेसको पार्टी कार्यालय, बसन्तबजारमा भएको कार्यक्रममा आसन्न गाउँ परिषद्मा बिकास योजनाहरुको छनौट प्रक्रिया, आवश्यक्ता पहिचात र पार्टीका तर्फबाट राख्नुपर्ने स्पष्ट अडानहरुका सम्बन्धमा छलफल भएको जिल्ला समिति सदस्य चन्द्रप्रसाद आचार्यले जानकारी दिए ।

कार्यक्रममा पार्टी सभापति आङगेलु शेर्पा र महासमिति सदस्य हुत्तराज बस्नेतले सहजिकरण गरेका थिए । बिगतका योजना कार्यान्वयनका बिषयमा समेत छलफल गरिएको थियो । कार्यक्रममा योजनाहरु ३ तहमा छनौट गरिने भएको छ । जसमा सबैको भावनालाई समेट्ने गरी गाविस स्तरमा १० वटा, जिल्लास्तर जिल्ला बिकास समितिले कार्यान्वयन गर्ने गरी ५ वटा योजना तथा राष्ट्रिय स्तरका अधिकतम ३ वटा योजना छनौट गरी पठाउने समेत निर्णय भएको सदस्य आचार्यले जानकारी दिए ।

## प्रजातन्त्र सेनानीको योगदान बिर्से कांग्रेस खतरामा- शेर्पा

*सल्लेरी। सोलु समाचार*

प्रजातन्त्र सेनानीहरुको योगदान बिर्से कांग्रेसको पहिचान खतरामा ( शेर्पा

नेपाली कांग्रेसका सभापति आङगेलु शेर्पाले नेपाल प्रजातन्त्र सेनानी संघको योगदानलाई बिर्सेमा नेपाली कांग्रेसको पहिचान गुम्ने बताएकाछन् । नेपाल प्रजातन्त्र सेनानी संघ, सोलुखम्बुको तेस्रो जिल्ला अधिवेसनको सोमबार उद्घाटन गर्दै शेर्पाले सेनानी दर्जाका व्यक्तित्वहरुको योगदानका कारण नै मुलुकमा प्रजातन्त्रको प्राप्ति भएको बताए ।

नेपाली कांग्रेस सामू धेरै चुनौतिहरु उभिएको भन्दै त्यसको सामाना गर्न गम्भिर भएर सोच्नुपर्ने बेला आएको शेर्पाको भनाई थियो । कांग्रेस कार्यालय सल्लेरीमा भएको कार्यक्रममा नेपाल प्रजातन्त्र सेनानी संघका केन्द्रिय सदस्य बालकृष्ण दाहालले सेनानीका योगदानलाई सम्मान गर्दै उनीहरुबाट पाठ सिक्नुपर्ने बताए । दाहालले अबको संविधान र शान्ति प्रक्रिया नेपाली कांग्रेसको नेतृत्वबाट मात्र सफल हुने समेत ठोकुवा गरे ।

कार्यक्रममार्फत् केशरबाबु थुलुङको सभापतित्वमा प्रजातन्त्र सेनानी संघ, जिल्ला कार्य समिति समेत गठन गरिएको छ । संघको उप सभापति श्यामध्वज बस्नेत तथा केन्द्रिय प्रतिनिधिहरुमा दत्तसिंह कार्की, हुत्तराज बस्नेत र प्रभुराम बस्नेत चयन भएकाछन् । संघको बन्द शत्रले टिम्बुरबाटे भ्रष्टाचार काण्डमा संलग्नहरुलाई कार्वाहीको माग समेत गरेको छ ।

## बुङमा अस्थाई प्रहरी चौकी माग

*बुङ । सोलु समाचार*

सगरमाथा मावि, बुङमा सम्पन्न सर्वपक्षीय बैठकले प्रहरी चौकीको माग गर्ने निर्णय गरेको छ । बिद्यालय व्यवस्थापन समिति, शिक्षक अविभावक संघ, स्थानीय संघसंस्था, बुद्धिजिवी लगायतको भेलाले बुङ गाविसमा मादक पदार्थ सेवन गरी झैझगडा बढी हुने गरेको, गाविस भएर आवतजावत गर्ने पर्यटकहरुको समेत शान्ति सुरक्षालाई ध्यानमा राखी अस्थाई प्रहरी चौकी माग गर्ने निर्णय गरेको हो ।

सोही भेलाले बुङमा साप्ताहिक रुपमा लाग्ने शनिबारे बजारलाई समेत व्यवस्थित गर्ने निर्णय गरेको छ । बजारमा मादक पदार्थ सेवन गरेर सामाजिक आचरण खल्बल्याउनेलाई क्रमशः ५ हजार, १० हजार र १५ रुपैयाँ जरिबाना लिने समेत लिने निर्णय गरेको सगरमाथा मा.वि.का प्रधानाध्यापक सुरेन्द्रकुमार बास्तोलाले जानकारी दिए ।त्यस्तै शनिबारे बजारमा साँझ ६ बजेभन्दा पछी होटल व्यवसाय संचालनमा समेत रोक लगाइएको छ । यदि सो नियम उलंघन भएमा पहिलो पटक २ सय, दोश्रो पटक ५ तथा तेश्रो पटक १ हजार रुपैयाँ जरिबाना गर्ने निर्णय भेलाले गरेको छ ।

## किरात गणराज्य बिनाको संबिधान अमान्य- किराती

*सल्लेरी । सोलु समाचार*

एकीकृत नेकपा माओवादीका पोलिटब्यूरो सदस्य एवं सभाषद गोपाल किरातीले किरात गणराज्य विनाको संविधान आफुलाई अमान्य हुने बताएकाछन् । किरात गणराज्य बिनाको संविधानमा आफुले हस्ताक्षर नगर्ने बताउँदै उनले अब बन्ने संविधानमा जातीय संघियतालाई उपेक्षा गर्ने प्रयास गरिएमा नेपालभित्र माओवादी र गणतन्त्रबादीहरुको टेक्ने ठाउँसमेत समाप्त हुने चेतावनी दिए ।



आदीबासी किरात महासंघद्वारा राजधानीमा शनिबार आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै किरातीले अहिलेको आवश्यकता नै किरात राज्यको सुनिश्चितता भएको दाबी गरे । सिंगो किरातको अधिकार प्राप्तीको निम्ति ज्यानको आहुति दिन जनयुद्धमा होमिएको स्मरण गराउँदै जस्तो सुकै चुनौति भएपनि किरात पहिचान सहितको संविधान ल्याएरै छोड्ने तर त्यसो नभए अझै आफु बलिदान दिन तयार रहेको उनको भनाई थियो ।

राजधानीबाट किरातीहरुलाई पूर्व किन पठाइयो भन्ने प्रश्न गर्दै किरातीले यसको खोजी गर्नुपर्ने बेला आएको पनि बताए । जुन दिन किरात स्वयत्तता सहितको राज्य पाइन्छ त्यहि दिन आत्मसमिक्षा हुने भन्दै अहिले त्यसको अन्तरवस्तुलाई विश्लेषणात्मक तरिकाले नभई संश्लेशनात्मक तरिकावाट अघि बढनुपर्ने बेला भएको उनले बताए । अहिलेको संक्रमणकालिन राजनितिक परिस्थितिमा एमाले र कांग्रेसलाई प्रतिकियाको राजनीति छोडेर कियाको राजनीतिमा लाग्न किरातीले अपिल समेत गरे ।

## पत्रकारको न्यूनतम पारिश्रमिक १० हजार कायम गर्न सुझाब

*सल्लेरी । सोलु समाचार*

न्यूनतम पारिश्रमिक निर्धारण समितिले पत्रकारको न्यूनतम पारिश्रमिक १० हजार ८ रुपैयाँ कायम गर्न सरकारलाई सुझाव दिएको छ । समितिको सोमबार बसेको बैठकले उक्त निर्णय गर्दै कार्यान्वयनका लागि सूचना तथा संचार मन्त्रालयमा प्रतिवेदन बुझाएको छ । समितिको प्रतिवेदन बुझ्दै संचारमन्त्री पोष्टबहादुर बोगटीले पत्रकारको पारिश्रमिक पुनरावलोकनको विषय चाँडै राजपत्रमा प्रकाशित गरिने बताए । समितिका अध्यक्ष गोविन्द आचार्यले बजार मूल्यमा भएको बृद्धि र समयानुकुल न्यूनतम पारिश्रमिक वृद्धिको सरोकारवालाहरुको माग अनुसार पत्रकारको न्यूनतम पारिश्रमिक वृद्धिको सिफारिस गरिएको बताए ।

उनले राजपत्रमा प्रकाशित भएपछि मिडिया हाउसहरुले कार्यान्वयन गरे नगरेको अनुगमन समेत गरिने जानकारी दिए । पत्रकार महासंघका अध्यक्ष शिव गाउँलेले पारिश्रमिक पुनरावलोकन गरिएपनि अझ न्यायोचित नभएको बताए । 'क' बाहेक अन्य श्रेणीका पत्रपत्रिका र एफएममा कार्यत पत्रकारका लागि न्यूनतम ७ हजार २ सय २८ रुपैयाँ पारिश्रमिक हुनुपर्न समितिले सिफारिस गरेको छ । समितिमा सोलु एफएम सञ्चालन तथा व्यवस्थापन परिषदका अध्यक्ष तथा सोलु समाचार साप्ताहिकका सम्पादक डिमा पाखिन तामाङ सदस्य रहेकाछन् ।

**मलाई असल आमा देऊ, म तिमीलाई असल राष्ट्र दिनेछु - नेपोलियन**

# सम्पादकीय

## सहमति गर

अन्ततः राष्ट्रपति रामवरण यादवले थपे तीन दिन समेत बिना सहमति टुंगिएको छ र नयाँ प्रधानमन्त्रीको चयन पनि बहुमतीय प्रणालीवाट नै आइतबार हुने भएको छ । बहुमतीय सरकार पटक पटक असफल भएको र भावी दिनमा पनि यस्तो सरकारले शान्ति प्रक्रियालाई निष्कर्षमा पुऱ्याउन र संविधान लेखन सम्पन्न गर्न नसक्ने कुरामा दलहरुलाई राम्ररी ज्ञान हुँदा हुँदै पनि सहमति नगरी बहुमतीय कै अभ्यास हुनु बिडम्बनापूर्ण अवस्था हो । हरेक पल सहमतिको कुरा गरेर नथाक्ने राजनीतिक दलका नेताहरुमा नेपाली उखान "मेरो गोरुको बाह्रै टक्का" हाबी हुँदा मुलुकले लगातार दुर्गति भोग्नु परिरहेको छ ।

बहुमतीय सरकारवाट वर्तमान समस्या समाधान गर्न नसकिने भन्दै सहमतीय सरकारमा नै जोड दिंदै आएका ए. माओवादी, कांग्रेस, एमाले तथा अन्य साना दलहरुले बहुमतीय प्रधानमन्त्रीका लागि प्रक्रिया अघि बढ्दा पनि अझै बहुमतीय भित्र पनि सहमति खोज्ने बताइरहेकाछन् । जुन सकारात्मक पक्ष हो । तर बोली र व्यवहार फरक दिसा तिर हुने विगतका उदाहरणले नेताहरुको बोलीमा आशा गर्ने ठाउँ भने छैन । वर्तमान राजनीतिक अवस्थालाई विश्लेषण गर्ने हो भने आइतबार मुलुकले नयाँ प्रधानमन्त्री प्राप्त गर्नेछ, बहुमतीय प्रधानमन्त्रीका रुपमा । धेरैले आशा गरेका भट्टराई वा पौडेल जो प्रधानमन्त्री भए पनि वर्तमान राजनीतिलाई हेर्दा अघिल्लो नेपाल र खनाल सरकारले भन्दा फरक काम गर्न नयाँ सरकारलाई पनि सजिलो हुने छैन । जसका कारण फेरि चाँडै सरकारको बिकल्प खोज्न शुरु गरिनेछ ।

यसर्थ, निरन्तर रुपमा सरकारको बिकल्प खोज्ने काम गरी शान्ति र संविधान प्रति जनतामा निराशा बढाउनु भन्दा न्यूनतम आधार तय गरी दलहरु एक ठाउँमा उभिएर शान्ति र संविधानको कार्य पुरा गर्नु जरुरी छ । बहुमतीय सरकार नै बनेको अवस्थामा पनि मुलुकको हितलाई सर्वोपरी ठान्दै त्यही सरकारलाई सहमतीय सरकारका रुपमा अघि बढाउन दलहरुले प्रयास गर्नुपर्छ । यदि यसो भएमा अहिले बढ्दै गएको असुरक्षा, भ्रष्टचार, दण्डहीनता, बैदेशिक चलखेल आदि रोक्नमा सघाउ पुग्दछ । बैचारिक रुपमा दलहरुमा भिन्नता भए पनि राष्टिूय हितका लागि सबै एकै ठाउँमा आउन सक्नु पर्छ । शान्ति प्रक्रियालाई तार्किक निष्कर्षमा पुऱ्याउनु र संविधानको सुनिश्चितता नै अहिलेको प्रमुख आवश्यक्ता भएकोले यो आवश्यक्ता परिपूर्ति गर्न दलहरुले सहमतीय संयुक्त राष्ट्रिय सरकार गठन गर्न सके सबैतिर सकारात्मक सन्देश जाने निश्चित छ ।

सोलु एफएमका लागि
अध्यक्ष बुद्धिनारायण श्रेष्ठद्वारा प्रकाशित
सामुदायिक रेडियो सोलु एफ. एम. द्वारा प्रकाशित साप्ताहिक
सोलु समाचार
सोलुखुम्बुबाट प्रकाशित पहिलो खबर पत्रिका
जि.प्र.का. द.नं. १ (क)/०६३
वर्ष ५, अङ्क २०
२०६८ भाद्र ९ गते शुक्रबार

**सल्लाहकार**
- हरिनारायण राजभण्डारी
- नारायणकुमार श्रेष्ठ

**कानुनी सल्लाहकार**
- राजकुमार श्रेष्ठ

**सम्पादक**
- डिमा पाखिन तामाङ

**सह सम्पादक**
- मनोजकुमार श्रेष्ठ

**सहायक सम्पादक**
- नुतन श्रेष्ठ

**बजार व्यवस्थापक**
- दीपक राजभण्डारी

**मुख्य सम्वाददाता**
- भोजेन्द्र बस्नेत
- सुजता तामाङ

**भाषा सम्पादक**
- लोचनकुमार शर्मा

**काठमाडौं सहयोगी**
- सुदीप शाक्य

***प्रकाशक***
सोलु एफ.एम.

**पत्राचारको लागि ठेगाना :**
सोलु समाचार साप्ताहिक
सल्लेरी - ७, सोलुखुम्बु
फोन/फ्याक्स : ०३८ - ५२०२८१
email : soluweekly@gmail.com

मुद्रण : ज्वालामाई अफसेट प्रेस
सल्लेरी, सोलुखुम्बु

सोलु समाचार साप्ताहिक
नियमित रुपमा प्राप्त गर्न सम्पर्क
सुदिप : ९८४१३८९४१७ (काठमाण्डौ)
उमेश : ९८४२८६८९५१ (सोलुखुम्बु)
०३८ - ५२०२८१

**चौतारी - - -**

# २०६७/६८ मा अपराध



**गोपाल गिरी**
**प्रहरी निरीक्षक**
**जिल्ला प्रहरी कार्यालय, सोलु**

जिल्ला प्रहरी कार्यालय सोलुखुम्बुमा आर्थिक बर्ष २०६७/०६८ मा जम्मा ८४ वटा मुद्दा दर्ता गरिएको छ । जसमध्ये कर्तव्य ज्यान-३, आत्महत्या-३०, ज्यान मार्ने उद्योग(३, भबितव्य(३५, जबर्जस्ती करणी(१, प्रहरी हिरासतवाट भागेको(१, केहि सार्वजनिक अपराध(६, हातहतियार खरखजना-१, चोरी-२, सरकारी छाप किर्ते(१ र नागरीकता किर्ते-१ छन् ।

जिल्ला भरी भएका अपराधको तथ्याङ्क अनुसार चोरी मुद्दा(२ वटा मात्र रहेको हुँदा अन्य जिल्लाहरुको तुलनामा चोरी कम हुने जिल्लाको रुपमा सोलुखुम्बुलाई लिन सकिन्छ । जिल्लामा सबैभन्दा बढी भबितव्य ज्यान मुद्दा देखिन्छ, जसमा परिएर - ३, भिरवाट लडी - ११, लेक लागेर - ८, हलिकप्टर दुर्घटना - १, डुबेर - ३, चट्याङवाट - १, र अन्य - ८ रहेकाछन् । यी सबै भबितव्य दुर्गम हिमाली भेग, भिरालो धरातल, भिरपाखा भएको कारणले भएको पाईन्छ । जिल्लामा यस बर्ष ६९ जना मानिसहरुको बिभिन्न कारणले अकालमा मृत्यु भएको छ । जसमा बिदेशी २ जना र स्वदेशी ६७ जना रहेकाछन् । जसमा महिला १९, पुरुष ४५ तथा वालवालिका ५ जना छन् । बिभिन्न अपराधमा जिल्ला प्रहरी कार्यालयले ३२ जनालाई पक्राउ गरी अदालतमा पेश गरेको छ । जसमा १६ पुरुष १ महिला रहेकाछन् । १७ जनाले कारागारमा कैद भोगिरहेका छन् भने अन्य धरौटी जरिवानामा छुटेका छन् । पक्राउ पर्नेमा महिला ४ जना छन् ।

> **जिल्लामा नियमित काम कार्वाही बाहेक अपराधको बिश्लेषण, कारण, उद्देश्य पत्ता लगाई निराकरणको लागि के गर्नु पर्छ सो तर्फ सोच विचार र योजना बनाई रोकथाममा गरिने प्रयास गर्न यी प्रहरी कर्मचारीलाई कठिन र भ्याई नभ्याई छ ।**

अघिल्लो आर्थिक बर्ष सोलुखुम्बुमा भबितव्यवाट भएको मृत्युको २२ घटना रहेको थियो । त्यस भन्दा अघिल्लो आर्थिक बर्षमा १९ जनाले भवितव्यवाट ज्यान गुमाएका थिए । तीन बर्षको अपराध तथ्याङ्कमा केही सार्वजनिक अपराधमा ६/६ का दरले एउटै अंकमा ३ बर्ष नै बराबर भएको छ । सार्वजनिक अपराध अन्तर्गत झै(झगडा, सानोतिनो चोरी, मादक पदार्थ सेवनगरी हो(हल्ला गर्ने, अशान्ति गर्नेदेखि भारतीय राजदुत राकेश सूदलाई जुत्ता हान्नेसम्म अपराध सार्वजनिक अपराधमा दर्ता भएका छन् । पछिल्ला तीन बर्षको कुल अपराध दर्ता क्रमशः ६६, ६८ र ८४ छ । तथ्याङ्क अनुसार यस बर्ष अपराध दर्ता बढेको हो ।

गत बर्षभन्दा यसबर्ष झुण्डिएर आत्महत्या ९ वटा र भबितव्य १३ वटाले बढेको छ । चोरीको अपराध समान छन् । जघन्य अपराधका मुद्दाहरुमा कर्तव्य ज्यान मुद्दा विगत तीन बर्षमा क्रमशः ९, ३, ३ पाईन्छन् । कर्तव्य ज्यान मुद्दाको कारण आवेशजन्य र रिसईबीका कारणले भएको छ । अन्य जिल्ला जस्तो आर्थिक प्रलोभनमा मानिस मारिएको छैन । सोलुखुम्बुमा बर्षेनी १ का दरले बिगत ३ बर्षदेखि नागरिकता किर्ते मुद्दा अपराध दर्ता भएको पाईन्छ । बैदेशिक रोजगारमा पुरानो राहदानी रद्द भएपछि नयाँ राहदानी बनाउन विवरण ढाँटेर नागरिकता लिने प्रयास गरेका घटना नै यस मुद्दाका कारण हुन् ।

आर्थिक बर्ष २०६७/०६८ मा बर्ष भरी दर्ता भएका अपराध हेर्दा सबै भन्दा बढी चैत्र महिनामा १३ वटा अपराध दर्ता भएको छ । सो महिना भबितव्य ज्यान मुद्दा ७ रहेको छ

.... बाँकी पृष्ठ नं. ६

सामुदायिक रेडियो सोलु एफ. एम. द्वारा प्रकाशित साप्ताहिक
सोलु समाचार
सोलुखुम्बुबाट प्रकाशित पहिलो खबर पत्रिका

# शेर्पाहरू पैसाकै पछि लागेर अघि बढ्न नसकेका हुन्

**दावा तेञ्जी लामा**, नेपाल शेर्पा संघ सोलुखुम्बुका नवनिर्वाचित अध्यक्ष हुन् । हालै सम्पन्न दोश्रो अधिवेशनले सर्वसम्मत् रुपमा अध्यक्षमा चुनिएका लामा शेर्पाहरु सरकारको विभेदकारी नीतिका साथमा स्वयम् शेर्पाहरुकै कारण पनि शेर्पाहरु अघि बढ्न नसकेको बताउँछन् । शिक्षा, राजनीति लगायत्मा शेर्पाहरुको कम चासो भएका कारण हुनुपर्ने प्रगति हुन नसकेको बताउने लामा पैसाको पछि लाग्दा पनि शेर्पाहरु अघि बढ्न नसकेको तर्क गर्छन् । सोलु समाचार साप्ताहिकका लागि लामासँग सुजता तामाङले गरेको कुराकानीको मुख्य अंश :



**दावा तेन्जी लामा**
**अध्यक्ष**
**नेपाल शेर्पा संघ,सोलुखुम्बु**

**नेपाल शेर्पा सघं जिल्ला कार्यसमिती सोलुखुम्बुको दोश्रो जिल्ला सम्मेलनबाट सर्वसम्मत् रुपमा अध्यक्षको जिम्मेबारी लिनुभयो । यसमा अवसर र चुनौति के छन् ?**

यसलाई मैले चुनौति र अबसर दुवै रुपमा हेरेको छु । विगतका दिनहरुमा जुन रुपबाट संस्था सञ्चालन भईहरेको थियो । त्यो अवस्थालाई सुधार गर्दै लैजानु मेरो लागि अबसर र चुनौती दुवै हो ।

**के के छन् चुनौती चाहि ?**

पहिलो चुनौती, संस्थामा रहेर काम गर्दा व्यक्तिले जिम्मेवारीपुर्वक काम गर्नु नै हो । त्यसका लागि हरेक व्यक्ति, सघंसंस्था समुहसँग सुमधुर सम्वन्ध कायम गर्नुपर्छ । अहिले हरेक ठाउमा राजनीति मिसिएको छ । शेर्पाको सवाल उठाउने क्रममा पनि एमालेले एउटा, कांग्रेसले एउटा, माओवादीले अर्को । यसरी सवालहरु पनि फरक फरक सवालहरु उठाईदियो भने त्यसले सहि निकास पाउदैन । समग्र शेर्पाहरुको सवाल र समस्याहरुको सही पहिचानका लागि यो काम गर्न अलि चुनौतीपुर्ण नै छ ।

**सोलुखुम्बुमा शेर्पाहरु जनसंख्याको हिसाबमा दोश्रोमा छन् । उनीहरुको अवस्था कसरी विश्लेषण गर्नु हुन्छ ?**

> **अहिले हरेक ठाउमा राजनीति मिसिएको छ । शेर्पाको सवाल उठाउने क्रममा पनि एमालेले एउटा, कांग्रेसले एउटा, माओवादीले अर्को । यसरी सवालहरू पनि फरक फरक सवालहरू उठाईदियो भने त्यसले सहि निकास पाउदैन ।**

सोलुखुम्बुका शेर्पाहरुको शैक्षिक, राजनीतिक र सामाजिक अवस्थालाई सन्तोषजक मान्न सकिन्न । अझै पनि उनीहरुको सहभागिता र पहुँच एकदमै न्युन छ । संकुचित मानसिकताका कारण पनि शैक्षिक र राजनीतिक अवस्थामा शेर्पाहरु अघि बढ्न सकेका छैनन् । किन भने शिक्षा आर्जनको हिसावले पनि शेर्पाहरुले शिक्षामा त्यति धेरै लगानी गर्ने मानसिकता बनाएको देखिन्न । जहा लगानी गरिन्छ, त्यहाँ फल मिल्छ । तर अधिकांश शेर्पाका छोराछोरीहरुले प्राथमिक तहको अध्ययन पुरा नगरी विद्यालय छोड्ने, यसले उनीहरुको शिक्षाको स्तर माथि उठ्न सकेको छैन । सामाजिक रुपमा केही कुराहरुले यसलाई प्रभाव पारेको छ । अग्रजहरुले गर्दै आएका व्यवसायहरुलाई निरन्तरता दिंदै जाने, नयाँ काम गर्न रुची नराख्ने यही कारण उनीहरुको अवस्थामा सुधार आउन सकेको छैन । तर सामूहिक प्रयास गरिने हो भने धेरै अगाडि बढ्ने सम्भावना छ ।

**शेर्पाहरु पैसाको पछि लागेर बिग्रिए भनेको पनि सुनिन्छ नि ?**

हो, बास्तवमा शेर्पाहरु पैसाको पछि लागेर अघि बढ्न नसकेका हुन् । शिक्षामा चासो नहुन, राजनीतिमा चासो नहुनु नै शेर्पाहरु पैसामुखी बन्नु हो । पढ्दै गरेका विद्यार्थी घरमा आमाबुवाको आँखा छलेर, ढाँटेर पैसा कमाउन जाने गरेकाछन् । शेर्पाहरुको मानसिकता ट्रेकिङ गर्ने, हिमाल चढ्ने, विदेश पलायन हुने यस्तै, यस्तै कुराहरुको वरिपरी मात्रै घुमिरहेको छ । अनि बाउबाजेले जे काम गरेका थिए, युवा पिँढीहरुले समेत त्यही कामलाई निरन्तरता दिईरहेको छ । यसले पनि उनीहरुको अवस्था सुधार हुन नसकेको हो । शिक्षा तथा राजनीतिमा उनीहरु लगानी गर्नै चाहदैनन् अनि कसरी हुन्छ विकास, कसरी आउँछ परिवर्तन ? त्यसैले शेर्पाहरुले अब शिक्षा, राजनीति जस्ता कुराहरुमा लागनी गर्न आबश्यक देख्छु ।

**पैसामुखी दिमागलाई कसरी परिवर्तन गर्न सकिएला ?**

हिजोका दिनमा अनौपचारिक कक्षा समेत नलिएका शेर्पा दाजुभाईहरुले अंग्रेजी एस र नो भनेको भरमा थुप्रै अबसरहरु पाउने गरेका थिए । आज त्यो अवस्था छैन । पर्यटन व्यबसायमा संलग्न हुन समेत सरकारले एसएलसी उत्तिर्ण भएकाहरुलाई मात्र त्यो अबसर प्रदान गर्ने भन्ने व्यबस्था गरिदिएको छ । त्यसपछि अरु पनि निश्चित मापदण्डहरु छन । ट्रेकिङ गाईड कै कुरा गर्नुपर्दा थुप्रै तालिमहरु लिनुपर्ने हुन्छ, यस्ता धेरै कुराहरुमा राज्यले पनि परिवर्तन गर्न चाहेको हुँदा त्यसले पनि केही हदसम्म उनीहरुको सोचमा परिवर्तन ल्याउन सकिन्छ । यसका साथै जिल्ला स्तरमा रहेका शेर्पा सघं संसस्थाहरुले पनि जनचेतनामुलक कार्यक्रम मार्फत् उनीहरुको सोचमा परिवर्तन गर्ने प्रयास गरियो भने केही परिवर्तन होला ।

**शेर्पा संघसंस्थाले त राज्यले उपेक्षा गर्‍यो, हरेक ठाउँमा पहुँच र सहभागिता हुन सकेन भन्ने आवाज पनि उठ्ने गरेको छ नि ?**

> **हो, बास्तवमा शेर्पाहरू पैसाको पछि लागेर अघि बढ्न नसकेका हुन् । शिक्षामा चासो नहुन, राजनीतिमा चासो नहुनु नै शेर्पाहरू पैसामुखी बन्नु हो ।**

एक हिसावले राज्यले उपेक्षा गरेकै हो । राज्यको विभेदकारी नीतिका कारणले, लामो समयदेखि अहिलेसम्म भएका राज्य व्यबस्थाका कारणले पनि सिङ्गो शेर्पा समुदाय मात्र हैन, आदिवासी जनजाती, दलित, महिला, अन्य सबै जातीहरु राज्यको मुलधार भन्दा बाहिर रहेकै हो । आदिवासी जनजातीहरुले मातृभाषा हराउँदै जानु एउटा ज्वलन्त उदाहरण पनि हो । यसरी राज्यले समानुपातिक ढङ्गले सबै जाती, बर्गलाई मिलाएर लान नखोजेकै हो । हाम्रा पनि कतिपय कमजोरीहरु छन् । शासक बर्गलाई मात्र दोष दिएर पनि पुग्दैन । त्यसैले हामीले गर्नुपर्ने न्युनतम दायित्वहरुलाई हाम्रो ठाउँबाट पुरा गर्नूपर्छ । अनि मात्र हाम्रो भन्ने ठाउ हुन्छ ।

**अन्त्यमा तपाईको कार्यकाल र नेतृत्वबाट के आशा गर्ने ?**

हामी विधान अनुसार काम गर्छौं पहिलो कुरा, अर्को कुरा हामीसँग भएका थुप्रै समस्याहरु समाधानका लागि शेर्पा समुदायले सहयोग गर्नुपर्छ । संस्थाले सही ढङ्ले काम गरेको छ छैन भन्ने कुरा अनुगमन मात्र

> **हिजोका दिनमा अनौपचारिक कक्षा समेत नलिएका शेर्पा दाजुभाईहरुले अंग्रेजी एस र नो भनेको भरमा थुप्रै अबसरहरू पाउने गरेका थिए । आज त्यो अबस्था छैन ।**

गरिदियोस्, अनुगमनबाट कहाँ कमिकमजोरी भए भनेर गल्ती पत्ता लगाएर सुझावहरु दिईयोस् । हामी शेर्पाहरुको हक अधिकार र उनीहरुको सवालहरुका बारेमा हरेक क्षेत्र, निकाय र सघंसंस्थाहरुका् ढोका घच्घच्याउन प्रयास गर्छौं । आशा छ यस कार्यले सकारात्मक नतिजा निकाल्नेछ ।

## निशुल्क शिविर सम्पन्न

*जुभिङ । सोलु समाचार*

मुभिङ माउण्टेन ट्रष्ट नेपालले साउन २५ गतेबाट जुभिङ्गमा संचालन गरेको निशुल्क स्वास्थ्य शिबिरमा करिब दुई हजारले स्वास्थ्य परिक्षण गराएकाछन् । बुम्बरी निवासी छोङबा शेर्पाको अगुवाईमा आयोजित १० दिने शिबिरमा एक हजार आठ सय ८७ जनाको उपचार गरिएको आयोजकले जनाएको छ ।

जसमा ५० जनाको सामान्य शल्यक्रिया गरिएको छ । निशुल्क शिविरको अन्तिम दिन दुई सय ५४ जनाको उपचार गरिएको छ । पहिलो चरणमा जुभिङ ५ बुक्सास्थित गुम्बा डाँडामा तथा दोश्रो चरणमा दुधकोशी निमावि बुम्बुरीमा सञ्चालित शिबिरबाट राहत पाएको सेवाग्राहीहरुले बताएका छन् ।

# हेवा-ताते बाटो निर्माणका विरुद्ध संघर्ष समितिले थप आन्दोलन घोषणा गर्‍यो

## खुम्बु क्षेत्रमा विभिन्न सामाग्री लान रोक लगाइने

*सल्लेरी । सोलु समाचार*

हेवा-ताते बाटो निर्माण बिरुद्ध गठित संघर्ष समितिले थप सशक्त आन्दोलनका कार्यक्रम सार्वजानिक गरेको छ । संघर्ष समितिले सोमबार सल्लेरीमा पत्रकार सम्मेलन गरी समस्या समाधानका लागि जिल्लास्तरमा रहेका राजनीतिक दल तथा स्थानिय प्रशासनवाट कुनै पहल नभएको भन्दै आन्दोलनका कार्यक्रम सार्वजानिक गरेको हो ।

समितिले राजनीतिक दल तथा स्थानीय सरोकारवाला सरकारी कार्यालयहरुले एकले अर्कोलाई जिम्मेवारी हस्तान्तरण गर्दै पन्छन खोजेको आरोप लगाउँदै भदौ १० गतेबाट शुरु हुने गरी आन्दोलनका कार्यक्रम सार्वजानिक गरिएको केन्द्रिय संघर्ष समितिका अध्यक्ष गंगाबहादुर थापाले बताए ।

सर्वदलीय बैठकको निर्णयलाई पर्खने र बैठकले समेत समस्या समाधान नभए आन्दोलनका कार्यक्रम शुरु गर्ने बताएकाछन् । समितिले समस्या समाधान नभएमा खुम्बु क्षेत्रमा निर्यात हुने सबै प्रकारका मासुजन्य पदार्थ तथा काठ, ग्यास, जस्तापाता लगायत्का बिभिन्न निर्माण सामाग्रीहरुमा रोक लगाउने, बाटो निर्माण कार्य पुनः सुचारु भएमा रोक्ने कोशिस गर्ने, टाक्सिन्दुको नुनथलादेखि घोडा, जोक्पे र खच्चडवाट सामान ढुवानी रोक्ने जनाएको छ ।

त्यस्तै चिनियाँ दुतावासको कार्यालयमा ज्ञापन पत्र बुझाउँदै नयाँ बाटो खेलेपछि हुन सक्ने सम्भावित आपराधिक घटनाका बिषयमा सचेत गराउने समेत समितिले आन्दोलनका कार्यक्रममा राखेको छ । बिबादित बाटो संचालनमा आएमा तिब्बती शरनार्थीहरुलाई आवतजावतमा सहज हुने तथा हातहतियार ओसारपसारमा समेत सहयोग पुग्ने आशंका समेत संघर्ष समितिले लगाएको छ ।संघर्ष समितिले भावी दिनमा आन्दोलनका कार्यक्रमले पार्न सक्ने कुनै पनि किसिमका घटना तथा दुर्घटनाको जिम्मेवारी नेपाल सरकार लगायत् जिम्मेवार राजनीतिक दलहरुले लिनुपर्ने समेत जनाएको छ ।

उनीहरुले पहिलो चरणको आन्दोलनका कार्यक्रमलाई दबाउन खोजिए दोश्रो चरणमा थप शसक्त आन्दोलनका कार्यक्रम गर्ने चेतावनी समेत दिएका छन् । उनीहरुले जिल्ला स्तरीय राजनीतिक दलका नेताहरुलाई पीडित क्षेत्रमा रहेका गाउँमा प्रवेश निषेध तथा सांगठानिक गतिबिधिहरु समेत संचालन गर्न नदिने निर्णय गरेको छ ।

निर्माणाधिन हेवा(ताते बाटोले सोलुखुम्बुको टाक्सिन्दु, जुभिङ, चौरिखर्क गाविसका अधिकांश स्थानीय बासिन्दाको रोजिरोटी खोसिने तथा बन जंगलको अत्याधिक बिनास हुने भन्दै स्थानीय बासिन्दा संघर्ष समिति बनाई आन्दोलनमा रहेकाछन् । बाटो छोटो हुने तथा पर्यटनमा सकारात्मक प्रभाव पर्ने भन्दै निर्माण पक्ष भने निर्माण कार्य रोकिन नहुनेमा अडिक रहेकाछन् ।दलका प्रमुख नेताहरु उपस्थित नभए पछि आइतबार बस्ने भनिएको सर्वदलीय बैठक स्थगित भएको थियो । दलका नेताहरुको उदासिनताका कारण समस्या समाधान हुन नसकेको आरोप संघर्ष समितिले लगाउँदै आएको छ ।

### ह्यावा-ताते छलफल भदौ २५ मा

सोलुखुम्बुको विवादित ह्यावा(ताते बाटोको समस्या समाधानको लागि भदौ २५ गते सरोकारवाला पक्षबीच छलफल गरिने भएको छ । जिल्ला विकास समितिको कार्यालयमा मंगलबार भएको सर्वदलीय भदौ २५ गते विवादित दुई पक्षका तर्फबाट ३/३ जना प्रतिनिधी, जिल्लामा क्रियाशिल ५ वटै राजनीतिक दलको तर्फबाट २/२ जना, प्रमुख जिल्ला अधिकारी, स्थानीय विकास अधिकारी, जिल्ला बन अधिकृत र प्रहरी प्रमुख समेतको उपस्थितीमा छलफल गरी समस्याको निकास खोज्ने निर्णय गरेको हो ।

बैठकले समस्या समाधानको लागि पहल गर्न र भदौ २५ गते हुने छलफलमा उपस्थित हुन जिल्लाबाट संबिधान सभामा प्रतिनिधित्व गर्ने सभाषद्हरुलाई आग्रह गर्ने समेत निर्णय गरेको स्थानीय विकास अधिकारी पुरुषोत्तम नेपालले जानकारी दिए ।। यस्तै बैठकले भदौ २५ गतेसम्मका लागि बाटो नखन्न र बिरोधका कार्यक्रम नगर्न दुबै पक्षलाई आग्रह गर्नुको साथै वार्ताको वातावारण बिग्रने गरी कुनै कार्यक्रम नगर्न सबैसँग अनुरोध गर्ने समेत निर्णय गरेको छ ।

### बाटो निर्माणमा बिदेशी सहयोग छैन - समिति

यसैबीच विवादित ह्यावा(ताते बाटो निर्माणका लागि प्राप्त भएको रकम निर्माण समितिले सार्वजनिक गरेको छ। निर्माण समितिका अध्यक्ष ङिमदोर्जी शेर्पाले बिदेशीबाट रकम उठाएको भनेर आफुहरुलाई आरोप लगाइएको गुनासो गर्दै बिदेशमा बस्ने नेपालीवाट रकम संकलन भएको र एकै जना पनि बिदेशी व्यक्ति वा संस्थाबाट पनि रकम संकलन नगरेको दाबी गरे ।

बिदेशीबाट रकम लिएको कुनै प्रमाण भेटेमा आफुहरु जस्तोसुकै कारबाही भोग्न तयार रहेको भन्दै शेर्पाले नेपाली दाजुभाई र त्यसमा पनि बिशेषगरी चौरिखर्क ७ घर भई हाल अमेरीका बस्ने शेर्पाहरुबाट रकम संकलन भएको दाबी गरे ।

उनका अनुसार अमेरिकामा बसोबास गर्ने नेपालीहरुले प्रति व्यक्ति ११ हजार ६ सय २३ अमेरिकी डलरदेखि २० अमेरिकी डलरसम्म रहेको छ । अध्यक्ष शेर्पाका अनुसार बिदेशीमा रहेकाहरुवाट २३ हजार ३ सय ६९ अमेरिकी डलर वा करिब १६ लाख ३५ हजार रुपैयाँ तथा चौरिखर्कका बिभिन्न व्यक्तिबाट २ लाख रुपैयाँ संकलन भएको छ । त्यसैगरी खच्चड व्यवसायी संघ सोलुखुम्बुका कमल तामाङले संघको तर्फबाट १५ लाख सहयोग गर्ने बचन दिनुभएको पनि अध्यक्ष ङिमदोर्जी शेर्पाले जानकारी दिए । यसैगरी चौरिखर्क ७ र टाक्सिन्दुका नयाँ मार्ग आसपासका गरी करिब १ सय ६० भन्दा बढि घरधुरीले १० दिनका दरले श्रमदान गरेको पनि शेर्पाले बताए ।

# समाचार संक्षेप

स्थानीय

- योङ स्टार क्लव सोलुखुम्बुद्वारा सञ्चालित गरिबी न्युनिकरणको लागी हाम्रो प्रयास कार्यक्रमले देउसा र मुक्ली गाविसमा ४५ कृषकलाई पशु व्यबस्थापन तालिम प्रदान गरेको छ ।
- बिद्यालय जाऔं अभियानसँगै अखिल क्रान्तिकारी सोलुखुम्बुले हिमाल दर्शन उच्च मावि, नेचा बतासेमा भुपेन्द्र कट्टेल र राजेश वास्तोलाको संयोजकत्वमा मावि तथा उच्च मावि ईकाई गठन गरेको छ ।
- तामाखानीमा महिलाहरुको लागि आधुनिक कृषि तथा जीविकोपार्जन सम्बन्धी तालिम सम्पन्न भएको छ ।
- नेले बजार महिला समुहले स्थानीय समाज सेवा गुठीलाई २३ हजार रुपैयाँ मुल्य बराबरको भाँडाकुडा र अन्यसामाग्री प्रदान गरेको छ ।
- ओमकुमार किराँती र निमाफुटी शेर्पाको संयोजकत्वमा अखिल क्रान्तिकारी देउसा मावि र सिंहकाली मावि ईकाई गठन गरिएको छ ।
- गुदेल ३ मा गठित वडा नागरिक सचेतना मञ्चले गाउँ परिष्द्मा मञ्चका तर्फबाट खानेपानी निर्माणका लागि आवश्यक बजेट माग गर्ने निर्णय गरेको छ ।
- बिश्वकर्मा सामुदायिक संस्था गुदेलको भवनबाट बिभिन्न सामाग्री चोरी भएको छ ।
- शैक्षिक गुणस्तरका लागि पेल्माङ निमावि बुडले ३० सदस्यीय समितिको गठन गरेको छ ।
- देउसा मावि देउसामा आयआर्जन सम्बन्धी ५ दिने तालिम सम्पन्न भएको छ ।
- झाझरे सेतीदेवी सामुदायिक वन उपभोक्ता समिती नेचा बतासेको विवाद समाधान भएको छ ।
- लोखिम ८ लिखेपका स्थानीयबासीको सहयोगमा लिखेपदेखि जनता मावि र हिमालय मावि जुबु जाने बाटो सरसफाई तथा मर्मत सम्पन्न भएको छ ।
- कार्यक्षेत्र बिस्तारका क्रममा जि फाउण्डेसनले छेस्काम गाविसमा पनि काम शुरु गरेको छ ।
- खुल्ला दिसामुक्त क्षेत्र घोषणा गरिसकेको गुदेल गाविसमा मुलबाटो हिड्ने बटुवाहरुका लागि सार्वजनिक शैचालय निर्माण गरिएको छ ।
- सिसा निमावि टाप्टिङमा शिक्षा र श्रमको अन्तरसम्बन्ध बिषयक अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ ।
- जिल्ला शिक्षा कार्यालयको पहलमा नेचामा महिलाहरुका लागि सामुहिक बचत तथा ऋण परिचालन सम्बन्धि २ दिने प्रशिक्षण कार्यक्रम सम्पन्न भएको छ ।
- हिमाली बिपद् जोखिम व्यवस्थापन ईकाई समिति, गार्मा १ र २ ले लाप्चेदेखि च्याल्सासम्मका बाटो सरसफाई गरेको छ ।
- राप्रपा गाँउ ईकाई समिति नेचा बतासे र नेचा बेतघारीले गाबिसका ५० जना एकल महिलालाई सम्मान गरेको छ ।
- चौरिखर्क ३ छेप्लुङ्मा रहेको झोलुङ्गे पुल नजिक पहिरो जाँदा पुल भत्कने खतरा बढेको छ ।
- तामाखानी गाविसको वडा नं. १, २, ४, ६ र ७ मा भालुले मकैबाली नष्ट गरेपछि कृषकहरु चिन्तित बनेका छन् ।
- अपाङ्गता भएका व्यक्तिहरुको लागि शुक्रबार वाकुमा एक दिने जनचेतना गोष्ठी सम्पन्न भएको छ ।
- नेचा बतासे, बेतघारी र पञ्चनका होटल व्यवसायीहरुले संयुक्त रुपमा पर्वध्वज राईको अध्यक्षतामा १३ सदस्यीय होटल व्यवसायी संघ गठन गरेका छन् ।

सामुदायिक रेडियो सोलु एफ. एम. द्वारा प्रकाशित साप्ताहिक
सोलु समाचार
सोलुखुम्बुबाट प्रकाशित पहिलो खबर पत्रिका


रुबि राना १९९४


सुमि खड्का १९९५


पपुनम घिमिरे १९९६


निलिमा गुरुङ १९९७


झरना बज्राचार्य १९९७


निरु श्रेष्ठ १९९८

# मिस नेपाल छनौट मंगलबार

## २०११ ?


सदिक्षा श्रेष्ठ २०१०

मिस नेपाल २०११ को छनौट मिति नजिकिएको छ । मंगलबार हुने प्रतिस्पर्धाका लागि देशभरका १९ प्रतियोगीहरु मैदानमा रहेकाछन् । उनीहरुलाई पूर्व मिस नेपाल सदीक्षा श्रेष्ठले प्रौत्साहन गरिरहेकी छन् भने रचना गुरुङ कोरियोग्राफर र पूर्व मिस नेपाल श्वेता सिंह समेत प्रशिक्षण दिनमा व्यस्त रहेकीछन् ।

यस पटक मिस नेपालमा मनीषा बिष्ट, अनुपमा गुरुङ, बिष्णु चेम्जोङ, नम्रता दाहाल, प्रशंसा राणा, श्रृति पाण्डे, प्रस्मिता शर्मा, निता योगी, रञ्जिता खड्का, सरिना मास्के, दिपेन्ती श्रेष्ठ, निशा जोशी, श्रेया जोशी, निशा पौडेल, सृजना श्रेष्ठ, बिकी गड्तौला, मन्दिना बेगम, अरुणा श्रेष्ठ र प्रतिभा श्रेष्ठ प्रतियोगितामा सहभागी छन् । उनीहरुले काठमाण्डौ, भक्तपुर, विरगञ्ज, धरान, झापा, पोखरा, रुपन्देही, ललितपुर, स्याङ्जा, चितवन, दाङ र धनगढीवाट सहभागिता जनाएका हुन् ।

१९ देखि २५ बर्ष बीच यि प्रतियोगीहरुले विभिन्न १२ विधामा प्रतिस्पर्धा गर्नेछन् । मिस नेपालको आयोजना दि हिडन ट्रेजरले गरेको छ । मिस नेपालका बिषयमा विभिन्न कोणवाट टिका टिप्पणी हुने गरे पनि मिस नेपाल धेरैका लागि चासोको बिषय बन्ने गरेको छ ।


स्वेता सिंह १९९९


उषा खड्गी २०००


जेनिसा मोक्तान २००९


सितास्मा चन्द २००७


सुगारिका केसी २००५


पायल शाक्य २००४


प्रिती सिटौला२००३


मालिका सुब्बा २००२

## शुभ- तीज

मित्र दाहाल
चौलाखर्क ९ सोलुखुम्बु



पर क्षितिजमा तीज पर्व झल्यो
बहिनी दिदीको मनमा हर्ष छल्यो ।
खुशीयाली भरी अब गर्व गर
घर आँगनमा तीज पर्व भर

गफ गाफ गर सुखका दुखका
कहु गीत कथा मन कुन्तरका
भुल दुख तीता क्षण विगतका
मन शान्त गर शुभ तीजतक

अरुणाचल आँचल विन्दु जल
कुसुमाकरकी संगिनी सविता
गीत गाउ मीठा छर निर्त्य छिटा
मनमोहक छौ रुप यौवनका

पर क्षितिजमा तीज रौनक यो
घर आँगनमा तीज रौनक भो
शिव मन्दिरमा तीज रौनक भो
संगिनी मनमा तीज रौनक भो

नेपाली हिन्दु नारीहरुको महान चाड
तीजको उपलक्ष्यमा हार्दिक
मंगलमय शुभकामना
**सोलु एफएम**
**तथा**
**सोलु समाचार साप्ताहिक परिवार**

## २०६७/६८मा ........

फाल्गुण, चैत्रमा ट्रेकिङ्ग एक्सपिडिसनको सिजन हुने र हिमाली भेगमा पर्वतारोही र पर्वतारोहीसँग जाने गाईड भरिया लेक लागेर तथा भवितव्यमा परी मृत्यु भएको पाइएको छ । बर्ष भरीमा कम अपराध दर्ता भएको महिना असोज हो । यो महिनामा ३ वटा मात्र अपराध दर्ता भएको छ । सबै भन्दा बढी अपराध दर्ता भएको महिना चैत्रमा १३ र मंसिरमा १० देखिन्छ । यी दुवै महिना सोलुखुम्बुको लागि पर्यटक आगमन हुने महिना हुनु र कम हुने महिना असोज र माघ यी दुई महिना पर्यटक आगमनको शुरुवात महिना हुन् । यसवाट सोलुखुम्बु जिल्लामा अपराध दर्तामा पर्यटकको आउने जाने सिजनले प्रभाव पारेको तथ्याङ्कले दिखाएको छ । अपराधमा संलग्न हुनेहरुमा जनजाती राई, मगर, शेर्पा र तामाङ बढी देखिन्छन् । यो संख्या ५९ छ । जिल्लामा बसोवास गर्ने जातहरुमा यिनै जातहरुको संख्या बढी हुनुनै प्रमुख कारण हुन सक्छ । अन्यमा ब्राम्हण, क्षेत्री समुदायका १३ र दलित जनजातीमा १० जना अपराधमा संलग्न रहेको पाईन्छ ।

अपराध नियन्त्रणमा जिल्लामा जिल्ला प्रहरी कार्यालय - १, ईलाका प्रहरी कार्यालय - ४, सिमा प्रहरी चौकी - १, प्रहरी चौकी - १२ र ५ वटा अस्थायी प्रहरी चौकीहरुमा कुल ३३८ जना प्रहरी कर्मचारीहरु शान्ति सुरक्षा तथा अपराध नियन्त्रणमा क्रियाशिल छन् । कुल जनसंख्या एक लाख १९ हजार ९ सय १ लाई हेर्दा एक प्रहरी बराबर ३५५ जना संख्या जिम्मेवारीमा पर्ने देखिन्छ । तर २२ हजारको संख्यामा बिदेशी तथा ५/७ हजार स्वदेशी पर्यटकहरु र पर्यटकहरुसँग आउने गाईड, भरिया समेतको सुरक्षा यिनै प्रहरी कर्मचारीले पुऱ्याउनु पर्छ । जुन अपर्याप्त छ ।

जिल्लामा नियमित काम कार्वाही बाहेक अपराधको विश्लेषण, कारण, उद्देश्य पत्ता लगाई निराकरणको लागि के गर्नु पर्छ सो तर्फ सोच विचार र योजना बनाई रोकथाममा गरिने प्रयास गर्न यी प्रहरी कर्मचारीलाई कठिन र भ्याई नभ्याई छ । अपराधको कारण, उद्देश्य र निराकरण गर्ने उपाय बारेमा बिस्तृत कार्य योजना बनाएर कार्यन्वयन गरेमा सोलुखुम्बु जिल्लालाई अपराध नियन्त्रणमा सफल भई अपराध नहुने तथा शुन्य अपराध हुने जिल्लाको सुचिमा राख्न सकिन्छ । अपराध तथ्याङ्क र प्रहरी कार्वाहीवाट प्रहरीले सफलता प्राप्त गरेको प्रहरीले महसुस गर्छ भने प्रहरीको काम कार्वाही प्रति जनताको प्रतिक्रिया बाँकी नै छ । सधै जनसेवामा समर्पित प्रहरीको काम कार्वाहीको मुल्याङ्कन गर्ने अधिकार तिनै जनसमुदायमा रहेको छ भने समाजमा हुने शान्ति सुरक्षा तथा अपराध नियन्त्रणमा पनि आम समुदायको नै प्रमुख भुमिका हुन्छ । त्यसैले जिल्लामा समुदायसँग मिली ४ स्थानमा सामुदायिक प्रहरी सेवा केन्द्र समेत स्थापना गरी कार्य सम्पादन भईरहेको छ । यसवाट जिल्लामा प्रहरी र स्थानीय समुदायसँगै रहेको आभाष हुन्छ ।



एमाले नेता केपी शर्मा ओली र हास्य कलाकार सिताराम कट्टेल : फोटो/ऋषिराम कट्टेल

## कृषिमा बिशिष्ट.....

जिल्लाको चौलाखर्क गाविस अलैची खेतीबाट समृद्धिको बाटोमा छ । त्यसलाई व्यवस्थित गर्न सकेमा केही बर्षमा त्यहाँका बासिन्दाको जिवनयापन निकै सहज र समृद्ध बन्न सक्छ, संभावना देखिईसकेका त्यस्ता क्षेत्रलाई व्यवस्थापनको पाटोमा सघाउने र अरु ठाउँमा संभावना खोज्नु जरुरी छ । बिभिन्न गाविसमा धान, मकै, गहुँ कोदो जस्ता अन्न उत्पादनको संभावना छ भने आलुको संभावना पनि त्यत्तिकै छ । अझ पछिल्लो समयमा कृषकहरुको आकर्ष बढ्दै गरेको नगदेबालीहरु अलैची, चिया, कफी, स्याउ, जडिबुटी जस्ता खेतीहरुको प्रचुर संभावना रहेको २०५९ सालमा बनेको सोलुखुम्बुको पार्श्व चित्रमा नै उल्लेख गरिएको थियो । तर कुन गाविसमा कुन चाही बालीको सबैभन्दा राम्रो सम्भावना छ र त्यसबाट उत्पादन लिनका लागि के गर्नुपर्छ भन्ने बिशिष्ट योजना बनाउने प्रयास अझै भएको छैन ।

जिल्लाको कुल ३,३९,७७६ हेक्टर क्षेत्रफल मध्ये ४५, ३५८ हेक्टर क्षेत्रफल खेतियोग्य छ जसमा अन्नबाली नै उत्पादन गर्न सकिन्छ र त्यहाँ नगदे बालीको सम्भावना पनि त्यत्तिकै हुन्छ । त्यो बाहेक बनक्षेत्र, खोल्साखोल्सी, चरणक्षेत्र लगाएतका भूमिलाई व्यवस्थित उपयोग गरेर पनि कृषिउत्पादन गर्न सकिन्छ जस्तो अहिले चौलाखर्कको अधिकाँश अलैची खेती खोल्सा खोल्सीमा भईरहेको छ । पर्यावरणमा नकरात्मक असर पर्न नदिईकन त्यस्ता भूमीहरुको पनि उपयोग जरुरी छ जहाँ राम्रो सम्भावना होस । त्यसको लागि सबैभन्दा पहिले संभाव्यता अध्ययन जरुरी छ ।

पत्रकार कुन्द दीक्षितले आफ्नो अध्ययन प्रतिबेदनमा भनेका छन् "गाउँबस्तीमा रहेका कृषकहरुलाई पुल, बाटो र सिंचाई आबश्यक छ ।" उनको बिश्लेषण अनुसार वल्लो गाउँबाट पल्लो गाउँमा चाँडो र सजिलो आवगमनका लागि आवश्यक नदी खोल्सामा झलुङ्गे पुल आबश्यक छ, त्यसपछि उत्पादन निर्यातका लागि बाटो तथा उत्पादन गर्नको लागि सिंचाई महत्वपूर्ण छ । यो कुरालाई हेर्दा सोलुखुम्बुमा झोलुङ्गे पुल धेरै बनिसकेका छन् तथा बन्ने क्रममा रहेकाले त्यो प्राथामिकताको पछिल्तिर लागेको छ भने बाटोको टूयाक खोल्ने काम द्रुत गतिमा भईरहेको छ । अब त्यहि गति सिंचाईले पाउनु जरुरी छ । यदि सबै किसानको बारीमा सिंचाईको व्यवस्था हुने हो भने अहिलेको भन्दा निकै बढि उत्पादन हुने पक्का छ किनकी गाउँघरका धेरै किसानहरुको एउटै गुनासो छ "रोप्न त हुन्थ्यो नि तर के गर्नु पानी लगाउनै पाईदैन ।" यहाँ धानदेखी अकबरे खुर्सानी हुँदै अलैची अनी जडिबुटीहरुको प्रशस्त संभावना छ, त्यसको लागि सिचाई पहिलो आबश्यकता हो ।

कृषकलाई बिउ, मल उपलब्ध गराउने, सिंचाईका लागि सामान्य योजना दिने, सामान्य तालिम दिने कुराहरुले केहीलाई क्षणिक फाईदा पुऱ्याएपनि त्यसले समूदायको जीविकोपार्जनमा दिगो असर गर्न सक्दैन । यसको लागि योजनाबद्ध कामको आवश्यकता छ । कृषि विकास कार्यालयले साना सिंचाईका नाममा उपलब्ध गराएको पाईप केही व्यक्तिगत उपयोग मात्र हैन सदरमुकाममै बेचिएका गुनासो नआएका होइनन् । त्यहाँ उपलब्ध हुने बिउ कृषकको पहुँचभन्दा धेरै टाढाको कुरा हैन किनकी सामान्य मूल्यमा बजारमा पाईन्छ, मल उपलब्ध गराएपनि त्यसको समुचित उपयोग नहुँदा खेतियोग्य भूमीमा समस्या बढ्न थालेको कृषकहरु गुनासो गर्छन् । त्यसैले अब त्यस्ता आँखामा छारो लगाउने खालका कार्यक्रमबाट केही माथि उठेर कृषिको लागि बिशिष्ट योजना बनाउनु जरुरी छ ।

आर्थिक बर्ष २०६८/६९ को बजेट भाषणमा प्रत्येक गाविसमा जाने अनुदान रकमको १५ प्रतिशत रकम कृषिका लागि छुट्याउने व्यवस्था गरिएको छ । सो अनुसार यो बर्ष हरेक गाविसले ३० हजारभन्दा बढि रकम कृषिमा छुट्याउँछन् । जिल्लामा रहेका बिभिन्न कृषि सहकारीहरुले त्यो व्यवस्था कार्यान्वयन गर्न गराउन जिविस लगाएतको ध्यानाकर्षण गराईसकेका छन् । तर यो नीतिगत व्यवस्था भएकोले ध्यानकर्षण नगराएपनि ईमान्दार भएर छुट्याउनै पर्छ । यो आबश्यक क्षेत्र पनि हो । तर छुट्याइएको रकम कसरी खर्च गर्ने भन्ने कुरा स्पष्ट हुनु जरुरी छ ।

कृषि सहकारी भएको ठाउँमा उनिहरु वा अन्यत्र कुनै कृषि समूह हुन सक्छन् उनीहरुबाट त्यस बजेटको सहि कार्यान्वयन हुन जरुरी छ । यदि कृषिक्षेत्रबाट जीविकोपार्जनमा दिगो परिवर्तन ल्याउने हो भने अरु सबै कुरालाई थाति राखेर भएपनि सम्बन्धित गाविसको मुख्य सम्भाव्यता अध्ययन गरी त्यसको कार्यान्वयनको भरपर्दो योजना बनाउनु पर्छ । यसमा कृषि विकास कार्यालयले पुरा जिल्लाको नेतृत्व गर्न सक्छ अनी जिल्ला विकास समिति लगाएतबाट थप लगानी पनि हुनु पर्छ । सकेसम्म एकगाउँ एक उत्पादन नसकिएपनि एक गाउँ सकेसम्म कम प्रकारको उत्पादनलाई जोड दिँदै सम्भाव्यता पुरा गर्नको लागि आवश्यक जनशक्ति, शिप, मल बिउ, सिंचाई, बजार सबै कुरा समेटेर बिशिष्ट योजना बनाईनुपर्छ । किनकी योजनाबिहिन लगानीले कृषिमा उपलब्धि हात पर्ने त हैन उत्पादन कम हुँदै गईरहेको छ । बुढापाकाको काँधमा मात्र रहेको कृषि क्षेत्रलाई युवापुस्ताको समेत रोजाईको पेशा बनाउन सक्नुपर्छ । योजनाबद्ध कृषिकाम गर्दा दक्षिण कोरियाले कृषि कर्मकै लागि अन्तराष्ट्रिय श्रमशक्तिलाई आकर्षित गरिरहको तथ्यबाट पनि बुझ्न कठिन छैन कि राम्रो योजना बनाएर कृषि काम गर्ने हो भने यहाँ पनि थुप्रै सम्भावनाहरु छन् । यसको लागि कृषि विकास कार्यालय, कृषिको क्षेत्रमा काम गर्ने व्यक्ति(संस्था, राजनीतिक दल सबैको सकरात्मक सहयोग आबश्यक छ ।

---

**माओबादीद्वारा लडाकु र हतियार बुझाउनेसहितको प्रस्तुत प्रस्ताव :**

- ***शान्ति प्रकृया:*** नेपाली सेनाको मातहात रहने गरी सुरक्षाकर्मीहरुसमेत सम्मिलित महानिर्देशनालय बनाउने
- माओवादी नेतृत्वमा सरकार बने लगत्तै लडाकु र हतियारको कन्टेनर मूर्तरुपमा बिशेष समितिलाई बुझाउने
- तुरुन्तै पुनबर्गिकरण सुरु गरेर एक महिनाभित्र सक्ने
- पार्टीमा केन्द्रिय सदस्यभन्दा माथिका कमाण्डरहरुलाई राजनीतिमा ल्याउने ।
- अन्य कमाण्डरहरुको दर्जा मिलानका लागि बिशेषज्ञ टोली बनाउने ।
- आठ हजार वरिपरीको संख्या समायोजन गर्ने ।
- सेनाको भौतिक स्वास्थ्य सम्बन्धी मापदण्ड मान्ने ।
- उमेर, विवाह शिक्षालगायतमा बिशेष मापदण्ड अपनाउने ।
- पुनर्थापनामा जानेका लागि ७ १० लाख रुपैयां दिने
- सुरक्षा नीतिका लागि कार्यदल बनाउने ।

## सामान्य ज्ञान

**प्रश्न**

**१. विश्वमा सबैभन्दा धेरै अलैची उत्पादन गर्ने मुलुक कुन हो ?**
**२. हालसम्म कतिजना अन्तरिक्ष यात्रीले चन्द्रमामा पाइला टेकेका छन् ?**
**३. विश्व सुन्दरी प्रतियोगिताको आरम्भ कहिलेदेखि भएको हो ?**
**४. लोग्ने मानिसको लासलाई घोप्टे पारेर र स्वास्नी मानिसको लासलाई उत्तानो पारेर गाड्ने नेपालको कुन जनजाति हो ?**
**५. यु-१९ अन्तराष्ट्रिय क्रिकेट प्रतियोगितामा ५० विकेट लिने पहिलो नेपाली खेलाडी को हुन् ?**

*उत्तर यतै कतै खोज्नुहोस् ।*

## विचित्र संसार

### दैनिक ५ हजार जनाले डिभोर्स

बेइजिङ ( संसारको सबैभन्दा बढी जनसंख्या भएको देश चीनमा सामाजिक समस्या पनि बढ्दै गएकाछन् । बढ्दो आर्थिक विकासले त्यहाँको सामाजिक संरचना नै खल्बल्याईदिएको छ । चिनियाँ नागरिक मामिला मन्त्रालयको तथ्यांकले त्यहाँ सामाजिक गडबड भईरहेको देखाउँछ । भारी लैंगिक असमानता सामना गर्दै आइरहेको चीनमा समस्या थपिएको छ ( व्यापक डिभोर्स गर्ने परिपाटी । चीनमा दैनिक पाँच हजार जनाले डिभोर्स गर्छन । यो बर्षको पछिल्लो तीन महिनामा मात्रै ५० लाख व्यक्तिले डिभोर्स गरेको नागरिक मामिला मन्त्रालयको हवाला दिँदै समाचार संस्था सिन्ह्वाले जनाएको छ । चीनका सामाजिक विज्ञानका विज्ञ चेन यिजुनले भने "विवाहको बिषयलाई लिएर धेरैमा अनिश्चितता देखिएको छ । पति/पत्नीबीच सम्वाद सम्बन्धको अभावले गर्दा पनि यो अवस्था बढ्दै छ ।" ढिला विवाह गर्ने र आर्थिक आत्मनिर्भरताले वैवाहिक बन्धन तोड्न सघाएको चेनको भनाई छ ।

***सामान्यज्ञानको उत्तर***

१. नेपाल २. १२ जना ३. सन् १९५२, ४. थारु ५. राहुल विश्वकर्मा

***सरकार गठन बारे:***

- संयुक्त सरकारको नेतृत्व माओवादीले गर्ने ।
- माओवादीले नेतृत्व पछि आलोपालो गर्ने ।
- मन्त्रीहरुको बाँडफाँड सहमतिको आधारमा गर्ने ।
- सरकार सञ्चालनको लागि उच्चस्तरिय राजनीतिक संयन्त्र बनाउने ।

***संविधान निर्माण बारे:***

- छ महिना म्याद थप्ने ।
- डेढ महिनाभित्र नयाँ मस्यौदा तयार गर्ने ।

***अन्य:***

- सत्य तथा मेलमिलाप निरुपण आयोग गठन गर्ने ।
- माओवादी नेता तथा कार्यर्तामाथि लगाइएका मुद्दा फिर्ता गर्ने ।
- बृहत शान्ति सम्झौता, मधेसलगायतसंग भएका सहमतिहरु पुरा गर्न कार्यतालिका बनाउने ।
- कब्जा गरिएका घरजग्गा फिर्ता गर्ने ।

सामुदायिक रेडियो सोलु एफ. एम. द्वारा प्रकाशित साप्ताहिक
सोलु समाचार
सोलुखुम्बुबाट प्रकाशित पहिलो खबर पत्रिका

# रुपक स्मृति सर्वोत्कृष्ट पुरस्कारबाट खेलाडी र रेफ्री पुरस्कृत

*सल्लेरी । सोलु समाचार*

अखिल नेपाल फुटबल संघ (एन्फा) ले रुपक स्मृति सर्वोत्कृष्ट खेलाडी पुरस्कारवाट आठ खेलाडी र चार रेफ्रीलाई सम्मान गरेको छ । बुधबार सम्मानित हुने खेलाडी र रेफ्रीले एक एक लाख रुपैयाँ र यामाहा मोटरसाइकल प्राप्त गरेकाछन् । बुधबार सम्मानित हुने खेलाडीहरुमा अनन्त थापा र निराजन रायमाझी (२०६४ साल), नविन न्यौपाने र प्रदीप महर्जन (२०६५ साल), विजय गुरुङ र अन्जन केसी (२०६६ साल), रितेश थापा र विकास मल्ल (२०६७ साल) रहेकाछन् ।



नेपाली फुटबल टिमका पूर्वकप्तान तथा फिफा रेफ्री स्व. रुपकराज शर्माको स्मृतिमा एन्फाले २०५३ सालदेखि सर्वोत्कृष्ट खेलाडी पुरस्कार प्रदान गर्दै आएको छ । नेपाली फुटबलको विवादका कारण २०६४ सालदेखि रोकिएको चार बर्षको रुपक स्मृति पुरस्कार एकैपटक बुधबार प्रदान गरिएको हो । २०६३ सालमा एन्फाले एक जनालाई मात्रै पुरस्कार प्रदान गरेकोमा यस पटक बर्षका दुई जना खेलाडी र एक प्रशिक्षकलाई सम्मान गर्ने प्राबधान बनाई सम्मान गरेको हो । यस्तै रुपक स्मृति रेफ्री पुरस्कारवाट बुद्धि गुरुङ (२०६४ साल), श्याम लामा (२०६५ साल), कैलाश श्रेष्ठ (२०६६ साल) र गजेन्द्रमान लामा (२०६७ साल) रहेकाछन् । खेलाडी तथा प्रशिक्षकलाई नेकपा एमालेका नेता केपी शर्मा ओवली, रुपक स्मृति प्रतिष्ठानका संस्थाक दीपकुमार उपाध्याय, राखेपका सदस्य सचिव युवराज लामा, नेपाल ओलम्पिक कमिटीका अध्यक्ष ध्रुवबहादुर प्रधान, पूर्व प्रहरी महानिरिक्षक अच्युतकृष्ण खरेल लगायत्ले पुरस्कार प्रदान गरेका थिए ।

# भाइचुङद्वारा सन्यास घोषणा

*सल्लेरी । सोलु समाचार*

भारतीय स्टार फुटबल खेलाडी भाइचुङ भुटियाले अन्तराष्टिूय फुटबलवाट सन्यास लिएकाछन् । नेपाली मुलका चर्चित खेलाडी भुटिया पछिल्लो १६ बर्षदेखि भारतीय राष्ट्रिय टोलीका स्टार रहँदै आएका थिए । गत जनवरीमा कतारमा भएको एशिया कपको बेला घाइते भएदेखि नै सन्यासका बारेमा सोच्न थालेका भुटियाले बुधबार सन्यास घोषणा गरेका हुन् ।

राष्ट्रिय टोलीमा नरहे पनि क्लव स्तरवाट भने खेलिरहने उनले बताएकाछन् । सिक्किम निवासी भुटिया सिक्किम युनाइटेड नेशनल फुटबल क्लववाट खेल्छन् । भुटिया यूरोपको प्रोफेसनल क्लवहरुवाट खेल्ने पहिलो भारतीय खेलाडी पनि हुन् । सन् १९९९ मा उनले इङ्लिस क्लव बरीवाट फुटबल खेलेका थिए । उनले भारतको सम्मानित पदक पद्मश्री र खेल क्षेत्रका लागि दिइने



सबैभन्दा ठूलो सम्मान अर्जुन अवार्ड प्राप्त गरिसकेकाछन् ।

## शेर्पा संघ सोलुमा .....

साथ अघि बढ्नु पर्ने आवश्यक्ता औंल्याए् । उनले शेर्पा लगायत् सम्पूर्ण आदिवासी जनजातिलाई अग्राधिकार सहितको संविधान जारी गर्न प्रयासरत् रहेको समेत दाबी गरिन् । उनले शेर्पा जातिको ईतिहास खस नेपालीमा भाषामा लिपीबद्ध नभएपनि आफ्नै मौलिक भाषामा सदियौं देखिको लिपीबद्ध रहेको बताइन् ।

कार्यक्रममा नेपाल शेर्पा संघका केन्द्रिय अध्यक्ष पेमा छिरी शेर्पाले शेर्पा स्वायत्त प्रदेश आजको प्रमुख आवश्यक्ता भएको भन्दै यसको सुनिश्चितताका लागि शेर्पा संघ लागि परेको बताए । उनले शेर्पा संघको पहलवाट नै राज्य पुर्नसंरचना समितिमा शेर्पा स्वायत्त प्रदेश उल्लेख गर्न सम्भव भएको दाबी गरे । नव निर्वाचित अध्यक्ष लामाले भने सम्पूर्ण शेर्पाहरुलाई एकताबद्ध गरी अघि बढ्न जनचेतनामुलक कार्यक्रमहरु अघि बढाइने बताए ।

एकिकृत नेकपा माओवादी सोलुखुम्बुका सह इन्चार्ज गोम्बु शेर्पा कर्ज्याङ्गले नेपाल शेर्पा संघ दत्त चित्त भएर शेर्पा जातिको हक हितको लागि समान रुपमा अगाडी बढ्न सकेमा मात्र सोलुखुम्बुलाई शेर्पा राज्यमा घोषणा गरेको औचित्य पुरा हुन बताए ।

नेपाली कांग्रेसका सभापति आङ गेलु शेर्पाले अन्य जातिको तुलनामा शेर्पा जातिको पहुँच शिक्षा, स्वास्थ्य तथा प्रशासनिक क्षेत्रमा कम रहेकोले क्रमिक रुपमा यस क्षेत्रमा अग्रसर रहेको बताए ।

कार्यक्रममा नेकपा एमालेका अध्यक्ष आङ्गडिमा लामाले शेर्पा जातीको भाषा लोप हुँदै गएको प्रति चिन्ता व्यक्त गर्दै जातीय जातिय पहिचान र संस्कृतिलाई जोगाउन सबै सचेत नागरिक एकढिक्का भएर लाग्नु पर्नेमा जोड दिए ।

कार्यक्रममा शेर्पा सँस्कृति झल्कने पोशाकका साथमा साँस्कृतिक कार्यक्रम समेत आयोजना गरिएको थियो । सोलुखुम्बुमा हाल प्रमुख तीन दल ए. नेकपा माओवादी, नेपाली कांग्रेस र नेकपा एमालेको प्रमुख पदमा शेर्पाहरु नै आसिन रहेकाछन् ।प्रमुख पदहरुमा शेर्पाहरु आसिन भए पनि शेर्पा जातीलाई अघि बढाउने तर्फ कुनै पहल नभएको आरोप शेर्पाहरुले लगाउँदै आएकाछन् ।


# हार्दिक बधाई





नेपाल शेर्पा संघ सोलुखुम्बुको दोश्रो जिल्ला अधिवेशनवाट दावा तेन्जी लामाको नेतृत्वमा गठित कार्य समितिलाई हार्दिक बधाई ज्ञापन गर्दछौं ।यस कार्य समितिले सम्पुर्ण शेर्पाहरुलाई गोलबद्ध गर्दै शेर्पा स्वायत्त प्रदेशको सुनिश्चितताको लागि अग्रणी भुमिका खेल्नेछ भन्ने विश्वासका साथ सफल कार्यकालको शुभकामना व्यक्त गर्दछौं ।

**पेमा छिरी शेर्पा**
अध्यक्ष
नेपाल शेर्पा संघ केन्द्रिय समिति

**पेम्बा गेलु शेर्पा**
अध्यक्ष
शेर्पा सञ्चार समुह नेपाल



**याङजी शेर्पा**
अध्यक्ष
हिमालयन साँस्कृतिक केन्द्र परिवार



# हार्दिक बधाई

नेपाल शेर्पा संघ सोलुखुम्बुको दोश्रो जिल्ला अधिवेशनवाट दावा तेन्जी लामाको नेतृत्वमा गठित कार्य समितिलाई हार्दिक बधाई ज्ञापन गर्दै सफल कार्यकालको शुभकामना व्यक्त गर्दछौं ।



सामुदायिक रेडियो सोलु एफ. एम. द्वारा प्रकाशित साप्ताहिक
सोलु समाचार
सोलुखुम्बुबाट प्रकाशित पहिलो खबर पत्रिका


सोलु एफएमका लागि अध्यक्ष बुद्धिनारायण श्रेष्ठद्वारा प्रकाशित सोलु समाचार साप्ताहिक फोन/फ्याक्स ०३८ ५२०२८१ email : soluweekly@gmail.com/solufm@gmail.com